# कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन


शोधार्थी

अभ्यासा सुवेदी

क्याम्पस रोल नं. : ४३/०७२/०७३

परीक्षा क्रमाङ्क : २१४००५३/२०७४

त्रि.वि. दर्ता नं. ९-२-२१४-२१२-२०१२

शैक्षिक वर्ष २०७२/०७३


त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अर्न्तगत स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. (५९८) पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

**शोधपत्र**


## सुकुना बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

सुन्दरहरैंचा, मोरङ

२०७५/२०१८

# प्रतिबद्धता

प्रस्तुत कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन शीर्षकको शोधपत्र मेरो आफ्नै प्रयास र सहभागितामा तयार पारिएको हो । यसमा संलग्न गरिएका तथ्याङ्कहरु यथार्थ र वास्तविक छन् । यो शोधपत्र मार्फत कोही र कसैमाथि पर्न जाने असरको जिम्मेवारी म स्वयम् हुने प्रतिबद्धता व्यक्त गर्दछु ।

....................................

**अभ्यासा सुवेदी**

एम.एड. दोस्रो वर्ष

नेपाली भाषा शिक्षा विभाग

मिति : २०७५/०६/....

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत भाषा शिक्षा विभाग स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि.(५९८) को प्रयोजनका लागि प्रस्तुत ‘कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन’ शीर्षकको शोधपत्र अभ्यासा सुवेदीले मेरो निर्देशनको मातहतमा रही मिहिनेत र लगनशीलताका साथ सिर्जनात्मक तथा नितान्त मौलिक रूपमा तयार पार्नुभएकाले यस शोधकार्यप्रति म सन्तुष्ट छु। अतः यस शोधकार्यलाई मूल्याङ्कनका लागि नेपाली भाषा शिक्षा विभाग समक्ष सिफारिस गर्दछु।

.............................

**दीपक गौतम**

शोध निर्देशक

सुकुना बहुमुखी क्याम्पस

नेपाली शिक्षा विभाग

सुन्दरहरैँचा, मोरङ

मितिः २०७५/०६/.....

# स्वीकृति पत्र

# शोधसार

प्रस्तुत अध्ययन कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त शब्दभण्डारको अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनको उद्देश्य कक्षा नौको नेपाली पाठ्यपुस्तक भित्र निबन्ध विधामा प्रयुक्त शब्दभण्डारको पहिचान गर्नु, उक्त पाठभित्र समावेश शब्दहरूको पदवर्ग बनोट र आवृत्ति पत्ता लगाउनु रहेको छ । यस अध्ययनको परिच्छेद एकमा अध्ययनको उद्देश्य, महत्व अनुसन्धानात्मक प्रश्न, परिसीमा, औचित्य तथा पारिभाषिक तथा प्राविधिक शब्दहरूको उल्लेख गरिएको छ । त्यसैगरी परिच्छेद दुईमा पूर्वकार्यलाई प्रस्तुत गरिएको छ । यस परिच्छेदमा आठ ओटा शोधग्रन्थलाई पूर्वकार्यको उपयोगिता र सैद्धान्तिक अवधारणात्मक ढाँचा समेत प्रस्तुत गरिएको छ । यस अध्ययनको परिच्छेद तीनमा अध्ययनको ढाँचा र विधि, अध्ययनको क्षेत्र, तथ्याङ्कको व्याख्या तथा विश्लेषण प्रक्रिया उल्लेख गरिएको छ । यस अध्ययन पुस्तकालय विधिमा आधारित भएको हुँदा पुस्तकालयमा सङ्गहित पाठ्यपुस्तकका पत्रपत्रिका, शोधपत्र आदिबाट सामग्री सङ्कलन गरी विश्लेषण समावेश गरिएको छ । जसमा कक्षा नौमा समाविष्ट दुईओटै निबन्धहरूमा प्रयुक्त शब्दहरूलाई छुट्टाछुट्टै भागमा विश्लेषण गरिएको छ ।

निबन्धमा प्रयुक्त शब्दहरूलाई तालिकाद्वारा वर्णानुक्रममा राखी तिनको पदवर्ग, स्रोत, आवृत्ति र बनोट देखाइएको छ । त्यसैगरी समग्र रूपमा पनि दुईओटै निबन्धहरूको सम्पूर्ण शब्दहरूलाई तालिकाद्वारा पदवर्गको स्रोत, आवृत्ति र बनोटको आधारमा विश्लेषण गरिएको छ । तालिकालाई अझ स्पष्ट पार्नका लागि स्तम्भचित्र र वृत्तचित्रमा समेत देखाउने प्रयास गरिएको छ । परिच्छेद पाँचको पहिलो भागमा निष्कर्ष राखिएको छ ।

यस अध्ययनबाट निम्नानुसारका निष्कर्षहरू अगाडि आएका छन् :

क) कक्षा नौको नेपाली पाठ्यपुस्तकको दुईओटा निबन्धमा नाम वर्गका शब्दहरूको बाहुल्य रहेको छ भने निपात र विस्मयादिबोधक शब्दहरू न्यून रहेका छन् ।

ख) दुईओटै निबन्धमा तद्भव शब्दहरूको बाहुल्य रहेको छ । आगन्तुक शब्द न्यून छन् ।

ग) आवृत्तिका दृष्टिले आवृत्त भन्दा अनावृत्त शब्दहरू धेरै छन् ।

घ) दुईओटा निबन्धमा व्युत्पन्न शब्द बढी रहेका छन् । व्युत्पन्न शब्दमा पनि प्रत्यय लागेका शब्दहरू अत्यधिक पाइन्छ ।

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय, सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा मोरङ शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड) नेपाली विषय नेपा.शि.(५९८) को प्रयोजनका लागि कक्षा नौको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त शब्दभण्डारहरूको अध्ययन शीर्षकमा यो शोधपत्र तयार पारिएको हो । वर्तमान समयमा नेपाली भाषाले राष्ट्रभाषा, सम्पर्क भाषा, पहिलो भाषा, दोस्रो भाषा तथा विदेशी भाषाका रूपमा विविध क्षेत्र र परिधिलाई आत्मसात गरेर उल्लेखनीय भूमिका निर्वाह गर्दै आइरहेको छ । यस सन्दर्भमा नेपाली भाषामा समुचित र सम्यक रूपले दक्षता विकास गराउन समस्त नेपाली भाषाका विद्यार्थीहरूलाई उनीहरुको आवश्यकता र तह अनुसारको पाठ्यक्रम, पाठ्यपुस्तक एवम् शिक्षण विधि चयन गर्नु नितान्त जरुरी छ । त्यही कुरालाई मनन गरी प्रस्तुत शोध छनोट गरिएको हो ।

यस शोधकार्यलाई विश्वसनीय र वैध बनाउन सर्वप्रथम कक्षा नौको नेपाली किताबबाट शब्द सङ्कलन गरी नेपाली प्रयोगात्मक शब्दकोशको सहारा लिइएको छ । यो शोधपत्र तयार गर्न धेरै जना महानुभावहरुको अमूल्य सहयोग प्राप्त भएको छ । सर्वप्रथम यस शोधकार्यको शीर्षक छनोट देखि लिएर शोधकार्यलाई सम्पन्न गर्नका लागि आवश्यक निर्देशन, सुझाब र सहयोग प्रदान गर्नुहुने श्रद्धेय शोध निर्देशक गुरु दीपक गौतम ज्यूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । यसरी नै यस शोधकार्यलाई अगाडि बढाउने क्रममा विशेष प्रेरणा दिनुहुने आदरणीय गुरु तथा विभागीय प्रमुख मेघनारायण श्रेष्ठ ज्यूप्रति अन्तरात्मादेखि नै आभार प्रकट गर्न चाहन्छु । त्यसैगरी यस शोधकार्यलाई कम्प्युटरमा टाइपिङ गर्न सहयोग पुऱ्याउनुहुने मेरा प्रिय मित्र भविन कार्की ज्यूलाई पनि कृतज्ञता व्यक्त गर्न चाहान्छु । साथै यस कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याउनुहुने गुरुवर्ग, मित्रवर्ग, तथा आफन्तहरूलाई उहाँहरूको अमूल्य सहयोग र सुझाब प्रति यथोचित कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

यस शोधकार्यले सम्बन्धित क्षेत्रका विद्यार्थी, शिक्षक र शिक्षा अनुरागीलाई अपेक्षित लाभ पुऱ्याउन सकोस् भन्ने अभिलाषा समेत प्रकट गर्दछ ।

अभ्यासा सुवेदी

# विषयसूची

क्र.स. शीर्षक पृष्ठ सङ्ख्या

## परिच्छेद : एक

## परिचय


१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन २

१.३ अध्ययनको उद्देश्य ३

१.४ अध्ययनको महत्व ४

१.५ अध्ययनको परिसीमा ५

१.६ पारिभाषिक तथा प्राविधिक शब्दहरू ५


## परिच्छेद : दुई

## सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा


२.१ साहित्यको पुनरावलोकन ७

२.२ सम्बन्धित साहित्यको पुनरावलोकन ८

२.३ पुनरावलोकनको उपादेयता १०

२.४ सैद्धान्तिक अवधारणात्मक ढाँचा ११


## परिच्छेद : तीन

## अध्ययन विधि र प्रक्रिया


३.१ अध्ययनको ढाँचा १२

३.२ अध्ययन क्षेत्र १२

३.३ तथ्याङ्क सङ्कलनका साधन र तरिका १२

३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया १३

३.५ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया १३

## परिच्छेद : चार

## व्याख्या विश्लेषण


४.१ परिचय	१४

४.२ जैविक खेती निबन्धमा प्रयुक्त शब्दभण्डारको विश्लेषण	१५

४.२.१ पदवर्गका आधारमा शब्दहरूको वर्गीकरण	२७

४.२.२ स्रोतका आधारमा शब्दहरूको वर्गीकरण	२८

४.२.३ आवृत्तिका आधारमा शब्दहरूको वर्गीकरण	२८

४.२.४ बनोटका आधारमा शब्दहरूको वर्गीकरण	२९

४.३ म को हुँ निबन्धमा प्रयुक्त शब्दभण्डारको विश्लेषण	३०

४.३.१ पदवर्गका आधारमा शब्दहरूको वर्गीकरण	४५

४.३.२ स्रोतका आधारमा शब्दहरूको वर्गीकरण	४६

४.३.३ आवृत्तिका आधारमा शब्दहरूको वर्गीकरण	४६

४.३.४ बनोटका आधारमा शब्दहरूको वर्गीकरण	४७

४.४ कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त सम्पूर्ण व्याख्या एवम् विश्लेषण	४८

४.४.१ पदवर्गका आधारमा शब्दभण्डारको विश्लेषण	४८

४.४.२ स्रोतका आधारमा शब्दभण्डारको विश्लेषण	५०

४.४.३ आवृत्तिका आधारमा शब्दभण्डारको विश्लेषण	५२

४.४.४ बनोटका आधारमा शब्दभण्डारको विश्लेषण	५४


## परिच्छेद : पाँच

## निष्कर्ष र सुझाबहरू


५.१ निष्कर्ष	५७

५.२ सुझाबहरू	५८

५.२.१ नीतिगत तहका लागि सुझाब	५८

५.२.२ अभ्यासका लागि सुझाब	६०

५.२.३ अनुसन्धान तहका लागि सुझाव ६०
५.२.४ भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू ६०

# तालिका सूची


| क्र.स. शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|
| तालिका नं. १ पदवर्गका आधारमा शब्दहरूको वर्गीकरण | २७ |
| तालिका नं. २ स्रोतका आधारमा शब्दहरूको वर्गीकरण | २८ |
| तालिका नं. ३ आवृत्तिका आधारका शब्दहरूको वर्गीकरण | २८ |
| तालिका नं. ४ बनोटका आधारमा शब्दहरूको वर्गीकरण | २९ |
| तालिका नं. ५ पदवर्गका आधारमा शब्दहरूको वर्गीकरण | ४५ |
| तालिका नं. ६ स्रोतका आधारमा शब्दहरूको वर्गीकरण | ४६ |
| तालिका नं. ७ आवृत्तिका आधारका शब्दहरूको वर्गीकरण | ४६ |
| तालिका नं. ८ बनोटका आधारमा शब्दहरूको वर्गीकरण | ४७ |
| तालिका नं. ९ पदवर्गका आधारमा शब्दहरूको वर्गीकरण | ४८ |
| तालिका नं. १० स्रोतका आधारमा शब्दहरूको वर्गीकरण | ५० |
| तालिका नं. ११ आवृत्तिका आधारका शब्दहरूको वर्गीकरण | ५२ |
| तालिका नं. १२ बनोटका आधारमा शब्दहरूको वर्गीकरण | ५४ |

# स्तम्भचित्र सूची


| क्र.स. शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|
| स्तम्भ चित्र नं. १ पदवर्गका आधारमा शब्दहरूको वर्गीकरण | ४९ |
| स्तम्भ चित्र नं. २ स्रोतका आधारमा शब्दहरूको वर्गीकरण | ५१ |
| स्तम्भ चित्र नं. ३ आवृत्तिका आधारका शब्दहरूको वर्गीकरण | ५३ |
| स्तम्भ चित्र नं. ४ बनोटका आधारमा शब्दहरूको वर्गीकरण | ५५ |

# वृत्तचित्र सूची


| क्र.स. शीर्षक | पृष्ठ सङ्ख्या |
| --- | --- |
| वृत्तचित्र नं. १ पदवर्गका आधारमा शब्दहरूको वर्गीकरण | ५० |
| वृत्तचित्र नं. २ स्रोतका आधारमा शब्दहरूको वर्गीकरण | ५२ |
| वृत्तचित्र नं. ३ आवृत्तिका आधारका शब्दहरूको वर्गीकरण | ५४ |
| वृत्तचित्र नं. ४ बनोटका आधारमा शब्दहरूको वर्गीकरण | ५६ |

# परिच्छेद : एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा विचार विनिमयको साधन हो । प्रत्येक व्यक्तिले कुनै न कुनै एउटा भाषालाई ग्रहण गरेको हुन्छ । भाषालाई अर्थयुक्त सन्दर्भयुक्त तथा सम्प्रेषणयुक्त बनाउन शब्दले आधारभूत भूमिका खेलेको हुन्छ । अर्थयुक्त शब्दविना त्यसभन्दा माथिल्ला भाषिक एकाइहरू नबन्ने भएकाले शब्दभण्डार भाषाको प्राण हो भन्न सकिन्छ । भाषाको शब्दभण्डारमा जति धेरै जान्यो भाषामा त्यति नै पोख्त बन्न सकिन्छ । विभिन्न शैली र संरचनाको जानकारी भएर पनि यदि व्यक्तिमा शब्दभण्डारको कमी छ भने उसलाई आफ्ना विचार र धारणा उपयुक्त ढङ्गले प्रकट गर्न गाह्रो पर्छ । जसले गर्दा भाषिक अर्थ सम्प्रेषण गर्नु उसले राम्ररी सक्दैन । तसर्थ पाठ्यक्रमले तोकेअनुरुप विद्यार्थीको क्षमता उपलब्ध शैक्षिक सामग्रीको प्रयोग गर्न सक्ने शिक्षण विधि विद्यार्थीको मनोविज्ञान आदिलाई ख्याल गरी पाठ्यपुस्तक निर्माण गरिएको हुनुपर्छ । पाठ्यपुस्तकका प्रयुक्त पाठका आधारमा शब्दभण्डार तय गरिन्छ *(शर्मा र पौडेल, २०६८ : १९७)* ।

शब्दभण्डारको ऐतिहासिक विकासक्रमलाई पहिल्याउँदै जाँदा शब्दकोश निर्माणको विकासक्रम सम्म पुग्नुपर्ने हुन्छ । पूर्वीय परम्परामा वेदका दुरूह शब्दको सङ्कलन गरी बनाइएको निघण्टु कोश र पश्चिम परम्परामा ग्रीक र ल्याटिन भाषाको अध्ययनको प्रतिफलबाट बनेको कोशीय स्वरुप जस्तै नेपाली भाषाभाषीसँग अङ्ग्रेजीका सम्पर्क हुन थालेपछि सुरु भएको पाइन्छ । १९ औं शताब्दीतिर नेपाली जातिको परिचय दिने सिलसिलामा कर्कप्याट्रिक *(सन् १८११)* ले नेपाल अधिराज्यको विवरण नामक पुस्तकको सूचीबाट नेपाली शब्दकोशको प्रारम्भ भएको मानिन्छ *(भण्डारी र अन्य , २०६८ : ६८)* ।

नेपाली शब्दकोशको निर्माण परम्परालाई ड्यानियल राइट , टर्नबुल जस्ता अङ्ग्रेजी विद्वानको प्रभावको फलस्वरुप मोतीराम भट्टले *‘उखानको बखान’* भन्ने कृति प्रकाशित गरी शब्दकोशको निर्माणमा महत्वपूर्ण योगदान पुर्‍याएको देखिन्छ । एकभाषी नेपाली शब्दकोश परम्परामा चक्रपाणी चालिसेको *(वगलीकोश, १९९८)* बाट सुरु भएको पाइन्छ । पछिल्लो समयमा कोश निर्माण परम्परालाई अगाडि बढाउने क्रममा बालचन्द्र शर्मा *‘नेपाली शब्दकोश’*

चुडामणी बन्धु *'नेपाली शब्दकोश'* बसन्तकुमार शर्मा *'नेपाली शब्दसागर' (२०५७),* हेमाङ्गराज अधिकारी बद्री विशाल भट्टराई *'प्रयोगात्मक नेपाली शब्दकोश (२०६१)* महत्वपूर्ण मानिन्छ *(ऐ.ऐ. ८८)*।

भाषाका शब्दभण्डारका सन्दर्भमा शब्दभण्डारले व्यक्ति वा विद्यार्थीहरूमा सङ्ग्रहित हुने शब्दगत क्षमतालाई बुझाउँछ। शब्दभण्डार शिक्षणले धेरै भन्दा धेरै प्रकारका सक्रिय र निस्क्रिय एवं संरचनात्मक शब्दहरूको सङ्ग्रह वा धारणा क्षमताको विकासलाई जनाउँछ। तसर्थ शब्दभण्डार शिक्षण गर्दा व्यवहारवादी सिद्धान्तको प्रयोग गरिन्छ। पाठ्यपुस्तकमा भएका शब्दहरूलाई व्यवहारमा प्रयोग गर्न दक्ष भएमा मात्र शब्दभण्डारको ज्ञान हुन आवश्यक छ। शब्दभण्डार शिक्षणका क्रममा भूल र प्रयत्नका माध्यमबाट शिक्षण गर्दा प्रभावकारी हुने भएकोले पनि व्यवहारवादी दर्शनमा आधारित रहेको हुन्छ।

सामान्य भाषा प्रयोग व्यवहारका लागि आधारभूत शब्दको महत्वपूर्ण भूमिका रहन्छ। यसका साथसाथै कुन शब्दको कोशीय अर्थ हुन्छ। यी सबै ज्ञानका लागि र व्यवहारमा प्रयोग ल्याउनका लागि शब्दभण्डार क्षमताको विकास हुनु आवश्यक छ। शब्दभण्डारको विकास पाठ्यपुस्तकमा विद्यार्थीको क्षमता, तह, र स्तर हेरी समावेश गर्नुपर्दछ। यो शोधकार्य पनि पाठ्यक्रम विकास केन्द्रद्वारा वि.सं. २०७४ देखि कक्षा नौको नयाँ पाठ्यपुस्तक लागू गरेको हो , उक्त पाठ्यपुस्तकमा प्रयुक्त निबन्ध विधामा रहेको शब्दभण्डारको अध्ययन यस शोधकार्यमा गरिएको छ।

## १.२ समस्याको कथन

कथा, कविता, जीवनीजस्ता विधा भन्दा जटिल विधाका रूपमा निबन्ध विधालाई लिइन्छ। निबन्ध विधाको माध्यमबाट विद्यार्थीहरू गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका साथै लिखित अभिव्यक्ति क्षमताको विकास गराउनुका साथै भाषाका चारैवटा सीपको विकास गर्नु मूल ध्येय रहेको पाइन्छ। माध्यमिक शिक्षा पाठ्यक्रम वि.सं. २०७१ यी सम्पूर्ण पक्षलाई हेरेर निर्माण भएको पाइन्छ। नेपाल भौगोलिक रूपले विविधता भएको राष्ट्र भएकाले यहाँ परिवेश संस्कृति परम्परा बेग्लाबेग्लै भएकाले एउटै पाठ्यक्रम तथा पाठ्यपुस्तकले सबै

आवश्यकतालाई समेट्न सक्दैन । पाठ्यक्रम विकास केन्द्रले वि.सं. २०७४ सालदेखि कक्षा नौको नयाँ पाठ्यपुस्तक लागू गरेको छ ।

नेपाली कक्षा नौ नाम दिइएको उक्त पुस्तकमा निबन्ध विधा पनि समावेश भएको पाइन्छ । उक्त निबन्धमा विद्यार्थीहरूको उमेर, स्तर, क्षमताका आधारमा शब्दभण्डार समावेश भएको छ कि छैन ? विद्यार्थीका लागि प्रस्तुत शब्दभण्डारले भाषिक सीप हासिल गर्न सक्षम छ वा छैन ? पाठ्यक्रमले निर्देशन गरेका विभिन्न प्रकारका भाषिक उद्देश्यहरू पूरा गर्न सक्षम छ वा छैन ? जस्ता समस्याको उत्तर खोज्ने काम आजसम्म नभएको देखिन्छ । प्रस्तुत शोधकार्य कक्षा नौको नेपाली निबन्ध विधामा प्रयुक्त शब्दभण्डारको अध्ययनसम्बन्धी निम्न समस्यामा केन्द्रित रहेको छ ।

क) कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका निबन्धमा के कस्ता शब्दहरू रहेका छन् ?

ख) उक्त पाठभित्र समावेश शब्दहरूको बनोट प्रक्रिया कस्तो रहेको छ ?

ग) पाठभित्र समाविष्ट शब्दहरू कुन स्रोतका हुन् ?

घ) समाविष्ट शब्दहरू कुन कुन वर्गमा पर्दछन् ?

ङ) समाविष्ट शब्दहरूको आवृत्ति व्यवस्था कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

यस शोधपत्रको उद्देश्य निम्नलिखित रहेका छन् :

क) कक्षा नौको नेपाली पाठ्यपुस्तकभित्र निबन्ध विधामा समाविष्ट शब्दभण्डारको पहिचान गर्नु,

ख) समाविष्ट शब्दहरूको बनोट प्रक्रिया पत्ता लगाउनु,

ग) समाविष्ट शब्दहरूको स्रोत पत्ता लगाउनु,

घ) समाविष्ट शब्दहरूको वर्ग पत्ता लगाउनु,

ङ) समाविष्ट शब्दहरू गणना र आवृत्ति पत्ता लगाउनु,

## १.४ अध्ययनको महत्व

भाषा शिक्षणमा शब्दभण्डारको महत्वपूर्ण स्थान रहेको हुन्छ । शब्द एक अर्थपूर्ण एकाइ हो । यसले सोझै पनि अर्थ प्रदान गर्ने र वाक्य निर्माणमा पनि केन्द्रीय भूमिका निर्वाह गर्ने हुनाले यसको अध्ययन माथि प्रकाश पार्न सकिन्छ । शब्द एक्लै पनि अर्थपूर्ण भई आउन सक्ने र वाक्यमा पनि अर्थपूर्ण ढङ्गले प्रयोग हुने हुनाले यसको प्रयोगमा सचेतना अपनाउनु पर्ने देखिन्छ । सीमित वर्ण र नियमका आधारमा असीमित शब्द निर्माण हुन्छन् । तिनीहरूलाई समानुपातिक रुपमा महत्व दिन सकिँदैन र जथाभावी वाक्यमा प्रयोग गर्नुपनि हुँदैन । त्यसैले शब्दहरूको वर्ण र स्तरमा भाषापाठ्यपुस्तक जस्ता महत्वपूर्ण सामग्रीमा ज्यादै सतर्कता अपनाई विद्यार्थीको स्तर, रुचि, क्षमता आदि पक्षलाई विचार गरी पाठ्यक्रम निर्माता र पाठ्यपुस्तक लेखकहरूले उपयोगमा ल्याउनुपर्ने भएकाले यसको महत्व झन् बढी रहेको देखिन्छ ।

भाषाशिक्षणका क्रममा नयाँ नयाँ शब्दहरू प्रयोगमा आउँछन् । एउटै शब्दले प्रसङ्ग अनुसार बेग्लाबेग्लै अर्थ र अभिप्राय बोकेर आउने हुनाले यस अध्ययनको महत्व रहेको छ । पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माताले विद्यार्थीहरूको रुचि, स्तर, उमेर, क्षमतालाई आधार मानी शब्दभण्डारको छनोट गर्नाले मात्र शिक्षणको उद्देश्य पूरा हुन सक्छ । अतः विद्यार्थीको शैक्षिक तथा मनोवैज्ञानिक पक्षलाई ध्यानमा राखेर शब्दको छनोट उपयुक्त आवृत्तिका लागि यो अध्ययन महत्वपूर्ण रहेको छ ।

शब्दभण्डारको अध्ययनबाट पाठ्यक्रम निर्मातालाई पाठ्यक्रम निर्माण गर्न, सुधार्न एवम् परिमार्जन गर्न सहयोग गर्दछ । पाठ्यपुस्तक लेखनलाई उद्देश्यमूलक एवम् प्रभावकारी बनाउन विषयवस्तु अनुसारको शब्द चयन गर्न , शिक्षकलाई विद्यार्थीको स्तर र क्षमताअनुरुप शिक्षण गर्न , शिक्षण विधिलाई प्रभावकारी बनाउन मद्दत पुग्दछ । विद्यार्थीको शब्दभण्डारको क्षमतालाई बुझेर शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी, उद्देश्यपूर्ण एवं व्यवस्थित बनाउन सहयोग पुग्ने हुँदा यो शोधकार्य महत्वपूर्ण रहेको छ । यस अनुसन्धान शिक्षक, विद्यार्थी, पाठ्यपुस्तक लेखक, अध्ययन अनुसन्धानकर्ताका निम्ति उपयोगी हुने देखिन्छ ।

## १.५ अध्ययनको परिसीमा

खोज तथा अनुसन्धान प्राविधिक कार्य भएकोले यो जटिल कार्य हो । अनुसन्धानमा सम्पूर्ण कार्य समेट्न सकिँदैन त्यसैले अध्ययनको व्यापकता र गहिराइलाई निश्चित क्षेत्र र तहमा सीमित गर्नुपर्ने हुन्छ ।

प्रस्तुत शोधपत्र *उच्च माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), २०७१* लाइ मूल आधार मानी साझा प्रकाशनको समन्वयमा पाठ्यक्रम विकास केन्द्रले स्वीकृत प्रदान गरेको कक्षा नौ को पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त शब्दसँग मात्र सीमित गरिएको छ । यस अध्ययनलाई स्रोतसाधन र जनशक्तिको अभाव तथा अन्य विविध समस्याका कारण निम्नलिखित सीमामा रहेर अध्ययन गरिएको छ :

क) प्रस्तुत अध्ययन कक्षा नौको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त शब्दभण्डारमा सीमित रहेको छ ।

ख) शब्दहरूको अध्ययन स्रोत, पदवर्ग र बनोट प्रक्रियाका आधारमा मात्र गरिएको छ ।

ग) समाविष्ट शब्दहरूको आवृत्ति गणना गरिएको छ ।

घ) प्रस्तुत अध्ययनका शब्दहरूको सङ्ख्या र तिनको अनुपात देखाइएको छ ।

ङ) निबन्धबाट सङ्कलित शब्दलाई वर्णानुक्रम अनुसार राखिएको छ ।

च) अध्ययनमा अन्य विधा र अभ्यास खण्डलाई समावेश गरिएको छैन ।

## १.६ पारिभाषिक तथा प्राविधिक शब्दहरू

पाठ्यक्रम : विद्यार्थीहरूले शिक्षालयमा एक वा अनेक विषयमा खास अवधिभित्र आर्जित गर्न सक्ने अनुभव, ज्ञान, सीप आदिको शैक्षिक योजना

पाठ्यपुस्तक : पाठ्यवस्तु सङ्कलन गरिएको पुस्तक, कक्षामा पढाउने पुस्तक

सिद्धान्त : राजनैतिक वा दार्शनिक विचार

पुस्तकालय : इच्छुक व्यक्तिलाई पढ्ने सुविधा दिने उद्देश्यले पुस्तक, पत्रपत्रिका तथा यस्तै अन्य थुप्रै स्रोतहरू राखिएको कोठा वा भवन

विधा : साहित्यमा पाइने अभिव्यक्तिको प्रकार , क्षेत्र

| | | |
|---|---|---|
| भाषा | : | बोलेर वा लेखेर भाव वा विचार विनिमय गर्ने माध्यम वा साधन |
| भाषिक सीप | : | भाषा सम्बन्धि सीप |
| शोधकार्य | : | अनुसन्धान सम्बन्धि कार्य, खोजकार्य, अन्वेषण आदि |
| विषयवस्तु | : | कुनै वर्णन, छलफलल, अध्ययन, लेखरचना आदिका लागि निश्चित गरिएको कुरा, आधारशीला |
| अनुसन्धान | : | नयाँ कुरा खोज्ने वा पत्ता लगाउने काम |
| व्यवहारवाद | : | व्यवहारलाई महत्व दिने दृष्टिकोण, सिद्धान्तलाई भन्दा व्यवहारलाई जोडदिने विचारधारा, व्यवहारिक वा प्रमाणिक विषय लाई यथार्थमा प्रयोग गर्ने विचार |
| स्वीकृति | : | स्वीकार गर्ने काम, अनुमति दिने काम |
| प्राविधिक | : | प्राप्त ज्ञान सीपलाई प्रविधिको माध्यमबाट ग्रहण गर्ने वा विशेष ज्ञान सीपलाई तालिमका ग्रहण, प्रविधि सम्बन्धि विचार वा धारणा |
| दर्शन | : | जीवन वा जगतले हेर्ने दृष्टिकोण , अन्तर्मनको चिन्तन |
| मूल्याङ्कन | : | मूल्य तोक्ने वा चेकजाँच गरी स्तर निर्धारण गर्ने, ज्ञान, सीप र क्षमताको लेखाजोखा गर्ने, ठहऱ्याउने |

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

भाषा शिक्षण सिकाइका सन्दर्भमा हरेक समयमा शब्दार्थको जानकारी आवश्यक हुन्छ । शिक्षण सिकाइका क्रममा हरेक समयमा नयाँ नयाँ शब्दहरू प्रयोगमा आउँछन् । कतिपय शब्दहरू दोहोरिन्छन् । त्यतिमात्र होइन एउटा विभिन्न संरचनात्मक आवृत्ति लिएर पनि आउन सक्छ अनि प्रसङ्ग अनुसार बेग्लाबेग्लै अर्थ र अभिप्राय बहन गरेर समेत प्रयोगमा आउने सम्भावना हुन्छ । यिनै विभिन्न कारणले गर्दा भाषा शिक्षणमा शब्दभण्डारको यथेष्ट खाँचो छ । भाषालाई ग्रहण र अभिव्यक्तिगत दृष्टिले अर्थपूर्ण, आशयपूर्ण र प्रभावकारी बनाउन शब्दभण्डारको आवश्यकता पर्दछ । सिद्धान्त र तथ्यहरुको अन्तरसम्बन्धको योग हो , यी तत्वहरू अनुसन्धानबाटै प्राप्त हुन्छन् *(सिवाकोटी, २०६४ : ३८)* । सिद्धान्तले अनुसन्धानका लागि समयको बचत आवश्यक तथ्य कुराको सङ्कलन गरी अध्ययन कार्यलाई व्यवस्थित गर्न र सैद्धान्तिक अवधारणात्मक ढाँचा प्रदान गरी शोधकार्यलाई विश्वसनीय बनाउन मद्दत गर्दछ ।

भाषा सिकाइ अनुभवमा आधारित हुन्छ भन्ने सिद्धान्त व्यवहारवादी सिद्धान्त हो । व्यवहारअनुसार भाषा सिकाइमा बुद्धि वा मनको सक्रियता रहँदैन । प्रमुख माध्यम भनेको अनुभव हो *(भण्डारी , २०६७ : १३७)* । व्यवहारवादी सिद्धान्तले उत्तेजना र प्रतिक्रियाको सम्बन्ध र समन्वयबाट प्राणीमा चाहेजस्तो परिवर्तन ल्याउन सकिन्छ भन्ने कुरा प्रमाणित गर्न खोज्छन् । व्यवहारवादी मनोवैज्ञानिकहरूले विभिन्न प्राणीको व्यवहारको अध्ययन अवलोकन गरेका छन् । प्याभलभको शास्त्रीय सम्बन्ध प्रत्यावर्तन , स्कीनरको कार्यपरक सम्बन्धपरक सिकाइ , थर्नडाइकको प्रयत्न र भूलको सिकाइ आदि व्यवहारवादी सिद्धान्त हुन् *(पौडेल र अन्य , २०७० : १३०)* । व्यवहारवादी सिद्धान्त सिकाइअनुसार वालकलाई नियन्त्रित वातावरणमा अभ्यास गराउनुपर्छ । जबसम्म उसले सही प्रतिक्रिया दिन सक्दैन तबसम्म शिक्षकले निरन्तर अभ्यास गराउनुपर्छ । पाठ्यपुस्तकमा निबन्ध विधामा प्रयुक्त शब्दभण्डार पनि अभ्यास पुनरावृत्तिमा जोड दिइएको हुन्छ । पटकपटकको अभ्यासबाट नै सही रुपमा सिकाइ निपूर्णता हासिल गराउन सकिन्छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा रहेको निबन्ध विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन शीर्षकमा भएको समस्यासँग मिल्ने आधिकारिक साहित्यको पुनरवलोकन गर्ने प्रयास गरिएको छ ।

आचार्य (२०५४) द्वारा 'कक्षा पाँच पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन' नामक अध्ययन गरिएको छ । कक्षा पाँचको महेन्द्रमाला पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारमा विद्यार्थीको क्षमताको पहिचान गर्ने र क्षमताको तुलनात्मक अध्ययन गर्ने उद्देश्य राखेको यस शोधपत्रले निष्कर्ष र सुझाबका रूपमा तराई र पहाडी क्षेत्रका विद्यार्थीहरूको शब्दभण्डार क्षमता कमजोर रहेको तथा पृष्ठभूमिको आधारमा दोस्रो भाषी विद्यार्थीहरूको शब्दभण्डारसम्बन्धी क्षमता कम रहेको देखिन्छ ।

शर्मा (२०५७) द्वारा 'कक्षा नौको जीवनी विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइयो । उक्त अध्ययनमा स्रोतका आधारमा पदवर्ग, शब्दरचना, समास, द्वित्व, रुपायन, शब्दावलि आदिको आधारमा अध्ययन गरेको पाइयो ।

अधिकारी (२०६०) द्वारा 'कक्षा आठ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन' शीर्षकमा अध्ययन गरेका छन् । उक्त शीर्षकमा विद्यार्थीहरूको शब्दभण्डार क्षमता पहिचान गर्ने, स्थानीयता, लिङ्ग, भाषिक पृष्ठभूमि र उमेरका आधारमा कक्षा आठ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गर्ने जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । यस अध्ययनमा काठमाडौं र कास्की जिल्लाका १० वटा विद्यालयबाट १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमूनाका रुपमा लिई सामग्री सङ्कलन गरी सङ्कलित तथ्यलाई विश्लेषण गरेर निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । विद्यार्थीको शब्दभण्डार क्षमतामा पर्याप्त सन्तोषजनक नभएको सहरी र ग्रामीण क्षेत्रमा विद्यार्थीको शब्दभण्डार क्षमतामा फरक रहेको निष्कर्ष निकालिएको छ ।

भट्टराई (२०६०) द्वारा कक्षा 'नौको नेपाली पाठयपुस्तकको कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त अध्ययनमा मूलतः गुणात्मक ढाँचाको पुस्तकालयीय विधि र पाठ्यपुस्तक विधिमा केन्द्रित रहेको छ । उक्त अध्ययनमा आयामका दृष्टिले पाठगत अनुपात नमिलेको नाम वर्गका शब्दहरू बढी,

क्रियाविशेषण शब्दहरू कम भएको तत्सम र तत्भवमा खासै अन्तर नभएको भएपनि आगन्तुक शब्दको सङ्ख्या कम रहेको निष्कर्ष निकालिएको छ ।

ढुङ्गेल (२०६३) द्वारा 'काठमाडौँ उपत्यकाका कक्षा पाँचमा अध्ययनरत सरकारी तथा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । सरकारी तथा निजी विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार तुलना गर्नुको साथै लिङ्गगत र भाषिक पृष्ठभूमिका आधारमा शब्दभण्डार क्षमताको तुलना गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । समग्रमा सरकारी र निजी विद्यालयका शब्दभण्डार क्षमतालाई तुलना गर्दा निजी विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता बढी रहेको लिङ्गगत र भाषिक पृष्ठभूमिका आधारमा दुवै विद्यालयका समनता रहेको निष्कर्ष निकालिएको छ ।

भण्डारी (२०६८) द्वारा 'कक्षा दशको नेपाली पाठ्यपुस्तकमा रहेको जीवनी विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरेको पाइन्छ । प्रस्तुत शोधपत्रमा शब्दभण्डारगत पहिचान, स्रोत, बनोट वर्ग र आवृत्तिका आधारमा वर्गीकरण र विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । उक्त शोधपत्र पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि र विश्लेषण विधिमा केन्द्रित छ । स्रोतका आधारमा मौलिक शब्दहरूको बाहुल्यता रहेको जयपृथ्वीबहादुर सिंहको जीवनीभन्दा इमानसिंह चेमजोङ्ग र नेल्सन मण्डेलाको जीवनीमा तत्सम शब्दहरू केही बढी भएको शब्दगत वितरण उपयुक्त नरहेको, नाम वर्गको शब्दहरू अधिक रहेपनि निपात र विस्मयादिबोधक शब्दहरू न्यून रहेको निष्कर्ष निकालिएको छ ।

निरौला (२०७०) द्वारा 'कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा समाविष्ट शब्दभण्डारको अध्ययन' शीर्षकमा शोधकार्य भएको छ । उक्त शीर्षकमा विधामा प्रयोग भएका शब्दहरूलाई स्रोत पदवर्ग, बनोट र आवृत्तिका आधारमा वर्गीकरण गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । प्रस्तुत अध्ययन मूलतः गुणात्मक ढाँचामा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । समग्र कथाहरू मध्यम खालको रहेका र ठाउँठाउँमा क्लिष्ट शब्दको प्रयोग भएको जुन माध्यमिक तहका लागि उपयुक्त नरहेको निष्कर्ष निकालिएको छ ।

रानामगर (२०७२) द्वारा कक्षा 'आठको नेपाली भाषा पाठ्यपुस्तकको निबन्ध विधामा समाविष्ट शब्दभण्डारको अध्ययन' शीर्षकमा शोधकार्य भएको छ । उक्त शीर्षकमा निबन्ध विधामा प्रयोग भएका शब्दहरूलाई स्रोत, पदवर्ग, बनोट र आवृत्तिका आधारमा वर्गीकरण गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । प्रस्तुत अध्ययन गुणात्मक ढाँचाको पुस्तकालयीय विधिको प्रयोग

भएको छ । स्रोतका आधारमा मौलिक शब्दको बाहुल्य रहेको ग्रन्थचित्र र नेपाली संस्कृति निबन्धमा भन्दा प्रकृति र वातावरण र कम्प्युटर इन्टरनेट निबन्धमा तत्सम शब्दहरूको बाहुल्य रहेको शब्दगत वितरण उपयुक्त नरहेको नाम वर्गको शब्द अधिक रहेपनि निपात र विस्मयादिबोधक शब्दहरू न्यून रहेको निष्कर्ष निकालिएको छ ।

प्रस्तुत शोध शीर्षकलाई केलाएर हेर्दा शब्दभण्डार सम्बन्धी शोधकार्य परिमाणात्मक रूपमा धेरै भएता पनि गुणात्मक रूपमा भने कम मात्रामा भएको पाइयो । अन्य शोध कार्यहरूमा एक पक्षमा मात्र केन्द्रित भई अनुसन्धान भएको पाइन्छ । प्रस्तुत शोधकार्य पाठ्यक्रम विकास केन्द्रद्वारा २०७४ सालको शैक्षिक सत्रदेखि लागू गरिएको कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन आजसम्म नभएको हुनाले यस शोधकार्य औचित्यपूर्ण छ भन्न सकिन्छ ।

## २.३ पुनरवलोकनको उपादेयता

अनुसन्धानमा पूर्वकार्यको समीक्षा अत्यन्त आवश्यक छ । अनुसन्धानमा पूर्वकार्यको समीक्षाले अुनसन्धानको उद्देश्य निर्धारण गर्न, नवीन धारणा पहिल्याउन, विषयको गहिरो ज्ञान हाँसिल गर्न, र भविष्यमा गर्न सकिने अनुसन्धानका क्षेत्रहरु पत्ता लगाउन उपयोगी हुन्छ *( भट्टराई, २०६८ : १२७)* । तसर्थ पूर्वकार्यको समीक्षाले अनुसन्धानलाई विश्वसनीय, वैध र वस्तुनिष्ठ बनाउन मद्दत पुग्दछ । नेपाली भाषाको शब्दभण्डारसम्बन्धी अध्ययन, अनुसन्धान हुँदै नभएको अवस्था भने छैन । यद्यपि यी अध्ययनलाई मात्र पर्याप्त मान्न सकिँदैन । केही अध्ययनहरू शब्दको आवृत्ति गणना, स्रोत, बनोट, तुलनात्मक विश्लेषणात्मक आदि उद्देश्यमा केन्द्रित रहेर भएका छन् । यी विभिन्न शीर्षकमा विभिन्न शोधकर्ताले अध्ययन गरेका भए पनि हालसम्म कक्षा नौको नयाँ पाठ्यक्रम अनुसार लागू भएको पाठ्यपुस्तकमा रहेको निबन्ध विधामा प्रयुक्त शब्दहरूको पहिचान, स्रोत, पदवर्ग, बनोट, प्रक्रिया, आवृत्ति जस्ता पक्षमा केन्द्रित भएर अध्ययन गरिएको नपाइएकाले प्रस्तुत शोधकार्य औचित्यपूर्ण भएकाले यो शोधकार्य गर्न उपयुक्त हुने अपेक्षा गरिएको छ ।

## २.४ सैद्धान्तिक अवधारणात्मक ढाँचा

भाषाका शब्दभण्डारका सन्दर्भमा शब्दभण्डारले व्यक्ति वा विद्यार्थीमा सङ्ग्रहित हुने शब्दगत क्षमतालाई बुझ्काउँछ । शब्दभण्डारभित्र विभिन्न अर्थले युक्त शब्दहरू पर्दछन् । प्रस्तुत अध्ययन शब्दभण्डारको अध्ययनसँग सम्बन्धित सिद्धान्तहरूलाई विश्लेषणको आधार बनाइएको छ । यस सन्दर्भमा पदवर्ग, स्रोत, बनोट र आवृत्तिका आधारमा हेरिएको छ । यस अध्ययनको अवधारणात्मक ढाँचालाई चित्रात्मक रुपमा प्रस्ट पारिएको छ ।




उपर्युक्त रेखाचित्रबाट के स्पष्ट पार्न सकिन्छ भने प्रस्तुत शोधकार्य कक्षा नौको नेपाली पाठ्यपुस्तकमा रहेको निबन्ध विधामा प्रस्तुत शब्दहरूको स्रोत, बनोट, पदवर्ग, आवृत्ति र कार्यका आधारमा शब्दहरूको अध्ययन गरिएको छ । स्रोतभित्र पनि तत्सम, तत्भव, र आगन्तुक गरी ३ भागमा वर्गीकरण गरेर हेरिएको छ । त्यसैगरी बनोटका आधारमा मूल र व्युत्पन्न गरी २ भागमा हेरिएको छ । पदवर्गका आधारमा भने शब्दलाई नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात गरी ९ भागमा शब्दको वर्गीकरण गरेर हेरिएको छ ।

# परिच्छेद : तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा

शोधप्रस्ताव आफ्नै अङ्क उपाङ्क भएको संरचना हो । त्यसैले शोधकार्य औपचारिक तथा व्यवस्थित कार्य हो । यसमा खास विषयसँग सम्बन्धित भएर अध्ययन गरिएको हुन्छ । स्पष्ट अध्ययन विधि विनाको शोधकार्य निरर्थक हुने हुँदा स्पष्ट अध्ययन विधिको प्रयोगले शोधकार्य सफल बनाउन उपयुक्त ढाँचाको आवश्यकता पर्दछ *(थापा, २०६६/०६७ : १८)*। यस शोधकार्यको लागि पूर्णतः गुणात्मक ढाँचाको पुस्तकालयीय तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । साथै सम्बन्धित पाठ्यपुस्तकबाट तथ्याङ्क सङ्कलन गरी त्यसको व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्र

प्रस्तुत अध्ययन कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा रहेका निबन्ध विधामा प्रयुक्त शब्दहरुको पहिचान, स्रोत, बनोट, पदवर्ग, आवृत्तिका आधारमा विश्लेषण गरी निष्कर्षमा पुग्ने भएकाले यिनै कुराहरूलाई यस अध्ययनको क्षेत्र तोकी शोधकार्यको निर्माण गरिएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधन र तरिका

यस शोधकार्यलाई प्रभावकारी तरिकाले विश्लेषण गरी निष्कर्षमा पुग्न विभिन्न विधि तथा पद्धतिको अवलम्वन गर्नुपर्ने हुन्छ । यस शोधप्रस्तावको सामग्री सङ्कलनका निमित्त पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

क) प्राथमिक सामग्री

प्रस्तुत शोधकार्य प्रस्ताव कक्षा नौको नेपाली पाठ्यसामग्रीको निबन्ध विधामा समाविष्ट शब्दभण्डारको अध्ययनमा केन्द्रित रहेकाले कक्षा नौको नेपाली किताब र आधारभूत शिक्षा पाठ्यक्रमलाई प्राथमिक सामग्रीको रूपमा लिइएको छ ।

ख) सहायक/गौण सामग्री

यस अध्ययनमा विभिन्न शब्दकोश, विभिन्न शब्दभण्डारसम्बन्धी शोधपत्र तथा यस सम्बन्धी पूर्वकार्यहरू सम्पन्न गरेको विद्यार्थी र अन्य व्यक्तिहरुमा सल्लाह/सुझाव नै सहायक सामग्रीका रूपमा रहेका छन् ।

## ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस शोधकार्यको अध्ययनमा पुस्तकालयीय विधिको उपयोग गरिएको छ भने स्रोतका आधारमा सङ्कलन गरिएका शब्दहरुको अध्ययन विश्लेषणका क्रममा वर्णनात्मक, विश्लेषणात्मक तथा व्याख्यात्मक विधिको प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

प्रस्तुत शोधकार्य कक्षा नौको सबैको नेपाली पाठ्यपुस्तकमा रहेका नमूना अभ्यास बाहेकका २ वटा पाठहरुमा प्रयोग भएका शब्दहरूको विश्लेषण गर्नमा केन्द्रित रहेको छ । यस शोधकार्यमा मूलरूपमा पुस्तकालयीय र आंशिक रुपमा प्रयोगात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस क्रममा कक्षा नौको पाठ्यपुस्तकसँग सम्बन्धित शब्दकोश, पत्रपत्रिका, लेख-रचना आदिलाई गौण स्रोतका रूपमा लिई पाठ्यपुस्तकमा निबन्ध विधामा समाविष्ट शब्दहरूको सङ्कलन गरी तिनको स्रोत, वर्ग, बनोट, आवृत्ति आदिका आधारमा विश्लेषण गरिएको छ ।

# परिच्छेद : चार

# व्याख्या र विश्लेषण

## ४.१ परिचय

शब्द भाषाको सम्पत्ति हो । भाषाको सम्पन्नता शब्दमा निहित हुन्छ । यदि भाषिक सम्पत्ति शब्द ढुकुटीमा भरिपूर्ण छ भने भाषा पनि सम्पन्न हुन्छ । शब्द ढुकुटी रित्तो छ भने भाषा कमजोर र लोप हुने अवस्थामा पुग्छ । तसर्थ भाषा र शब्दबीचको अन्योन्याश्रित सम्बन्ध हुन्छ । भाषाका सबै शब्दलाई पाठ्यपुस्तकमा समावेश गर्न सकिँदैन । शब्दहरूको छनोट गर्दा आवृत्ति वितरण प्राप्यता, व्यापन आदिको आधारमा गरिनुपर्दछ । पाठ्यपुस्तकको स्तरीयता शब्दभण्डारको अध्ययनबाट थाहा पाइन्छ । उपयुक्त शब्दचयनको ग्रहण र अभिव्यक्तिमा अर्थपूर्ण बन्दछ *(शर्मा र पौडेल, २०६८ : १९७ )*। त्यसैले, प्रस्तुत शोधपत्र कक्षा नौ को नेपाली किताब अन्तर्गत निबन्ध विधामा प्रयुक्त शब्दभण्डारको अध्ययनमा केन्द्रित रहेको छ ।

माध्यमिक शिक्षा पाठ्यक्रम २०७१ सुरुमा परीक्षणका लागि केही जिल्लामा लागू गरियो र उक्त परीक्षणबाट सकरात्मक उपलब्धी प्राप्त भएपछि वि.सं. २०७४ सालको शैक्षिक सत्रबाट कक्षा नौको पाठ्यपुस्तक देशभरी लागू गरिएको छ । जसमध्ये नेपाली भाषाको पाठ्यपुस्तकमा कथा, कविता, निबन्ध, जीवनी, चिठी, रुपक (मनोवाद र एकाङ्की) जस्ता साहित्यिक विधाहरू समावेश गरिएको छ । प्रस्तुत शोधपत्र निबन्ध विधामा प्रयुक्त शब्दभण्डारमा केन्द्रित रहेको छ । निबन्ध विधाको मूख्य उद्देश्य विद्यार्थीहरूमा गद्यात्मक अभिव्यक्तिको बोध गराउनुका साथै गद्यात्मक लिखित अभिव्यक्तिको क्षमता विकास गर्नु हो । त्यसैले यसको प्रमुख उद्देश्य भाषिक सिप विकास गराउनु रहेको छ । भाषिक सिप विकासका लागि सामाजिक, सांस्कृतिक, प्राकृतिक, वातावरणीय, कलात्मक, वैज्ञानिक जस्ता विभिन्न क्षेत्रहरु समावेश गरेको पाइन्छ ।

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा जम्मा दुई ओटा निबन्धहरू समावेश गरिएको पाइन्छ । उक्त निबन्धमा प्राप्त शब्दहरुको पाठगत सङ्कलन र व्याख्या विश्लेषण गर्ने कार्य गरिएको छ । यस अध्ययन दुई ओटै निबन्धमा प्रयुक्त शब्दहरुलाई वर्णानुक्रम अनुसार राखी तिनको स्रोत, पदवर्ग, आवृत्ति, र बनोट तथा अनुपातको पहिचान गरी तिनलाई तालिकाद्वारा व्याख्या विश्लेषण गरिएको छ ।

## ४.२ 'जैविक खेती' निबन्धमा प्रयुक्त शब्दभण्डारको विश्लेषण

'जैविक खेती' निबन्ध कृषिसँग सम्बन्धित निबन्ध हो । यस निबन्धका माध्यमबाट भाषिक सीपको विकास गराउनुको साथै शब्दभण्डारको विकास गराउनु मुख्य प्रयोजन रहेको छ । 'जैविक खेती' निबन्धमा प्रयुक्त शब्दभण्डारलाई वर्णानुक्रममा राखी तिनको पदवर्ग, स्रोत, बनोट र आवृत्तिलाई तालिकाद्धारा व्याख्या विश्लेषण गरिएको छ ।

| क्र.स. | शब्द | पदवर्ग | स्रोत | बनोट | आवृत्ति |
|---|---|---|---|---|---|
| १ | अङ्ग | ना. | तत्स. | | |
| २ | अचेल | क्रि.यो. | तद्. | | |
| ३ | अथाह | वि. | तद्. | अ+थाह | |
| ४ | अनिवार्य | वि. | तत्स. | अ+निवार्य | २ |
| ५ | अनिष्ट | ना. | तत्स. | अन्+इष्ट | |
| ६ | अनेक | वि. | तत्स. | अन्+एक | ३ |
| ७ | अन्त्य | ना. | तत्स. | | |
| ८ | आम | ना. | तत्स. | | |
| ९ | अरबौ | वि. | तद्. | अरब+औ | २ |
| १० | अरु | सर्व. | तद्. | | |
| ११ | अलग | ना. | तद्. | अ+लग | |
| १२ | अलिक | क्रि.यो. | तद्. | | |
| १३ | अहिले | क्रि.यो. | तद्. | | |
| १४ | आउने | क्रि.यो. | तद्. | आ+ने | |
| १५ | आकर्षण | ना. | तत्स. | आ+कृष+अन | |
| १६ | आजभोलि | क्रि.यो. | तद्. | आज+भोलि | ४ |
| १७ | आदि | ना. | तत्स. | | ७ |
| १८ | आधार | ना. | तत्स. | आ+धार | ३ |
| १९ | आ-आफ्ना | सर्व. | तद्. | आफ्ना+आफ्ना | |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | आफ्नै | सर्व. | तद्. | आफ्नो+नै | २ |
| २१ | आर्जन | ना. | तत्स. | अर्थ+अन | |
| २२ | आर्थिक | वि. | तत्स. | अर्थ+इक | २ |
| २३ | आवत | ना. | तद्. | आ+वत | |
| २४ | आवश्यक | वि. | तत्स. | आवश्य+क | ४ |
| २५ | आवश्यकता | ना. | तत्स. | आवश्यक+ता | २ |
| २६ | आजित | वि. | तत्स. | आ+जित | |
| २७ | उत्कृष्ट | वि. | तत्स. | उत्+कृष्ट | ३ |
| २८ | उतारिन्छ | क्रि. | तद्. | उतार+इ+छ | |
| २९ | उत्पादन | ना. | तत्स. | उत्+पा+अन | ७ |
| ३० | उन्नति | ना. | तत्स. | उत्+नति | |
| ३१ | उपयोग | ना. | तत्स. | उप+योग | |
| ३२ | उपलब्ध | वि. | तत्स. | उप+लब्ध | |
| ३३ | एउटा | वि. | तद्. | एक+वटा | ५ |
| ३४ | एक | वि. | तद्. | | |
| ३५ | एकता | ना. | तत्स. | एक+ता | |
| ३६ | कतिपय | वि. | तत्स. | कतिपय | ३ |
| ३७ | कीट | | | | |
| ३८ | कुरा | ना. | तद्. | | ३ |
| ३९ | कृषि | | | | |
| ४० | कस्तो | वि. | तत्स. | कस+को+तो | २ |
| ४१ | कहाँ | क्रि.यो. | तद्. | | |
| ४२ | काठ | ना. | तद्. | | |
| ४३ | काम | ना. | तत्स. | | |
| ४४ | कायम | ना. | तत्स. | | |
| ४५ | किन्छन् | क्रि. | तद्. | किन्+छन् | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४६ | कोठा | ना. | तद्. | | |
| ४७ | क्रम | ना. | तत्स. | | |
| ४८ | क्षति | ना. | तत्स. | क्ष+ति | ३ |
| ४९ | क्षेत्र | ना. | तत्स. | | |
| ५० | खनिज | वि. | तत्स. | खनि+ज | ३ |
| ५१ | खर्च | ना. | आ. | | |
| ५२ | खानी | ना. | तद्. | | |
| ५३ | खोल्नु | क्रि. | तद्. | खोल्+नु | २ |
| ५४ | गई | क्रि. | तद्. | जा+इ | |
| ५५ | गएर | क्रि.यो. | तद्. | जा+एर | |
| ५६ | गर्दा | क्रि. | तद्. | | ७ |
| ५७ | गर्न | क्रि. | तद्. | गर्+न | ५ |
| ५८ | गर्ने | क्रि. | तद्. | गर्+ने | ५ |
| ५९ | गरिएको | क्रि. | तद्. | गर्+इ+एको | ३ |
| ६० | गरिन्छ | क्रि. | तद्. | गर्+इ+छ | |
| ६१ | गरिने | क्रि. | तद्. | गर्+इ+ने | |
| ६२ | गरिन्थ्यो | क्रि. | तद्. | गर्+इ+थ्यो | |
| ६३ | गरिमा | ना. | तत्स. | गुरु+इमा | |
| ६४ | गरी | क्रि. | तद्. | गर्+इ | २ |
| ६५ | गरेको | क्रि. | तद्. | गर+एको | ३ |
| ६६ | गुणस्तरीय | वि. | तत्स. | गुणस्तर+ईय | |
| ६७ | गुरु | ना. | तत्स. | | |
| ६८ | घर | ना. | तद्. | | ४ |
| ६९ | घुम्न | क्रि.यो. | तद्. | | |
| ७० | घोटिन्छ | क्रि. | तद्. | घोट्+इ+छ | |
| ७१ | घोलिन्छ | क्रि. | तद्. | घोल्+इ+छ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७२ | चक्र | ना. | तत्स. | | |
| ७३ | चढाइन्छ | क्रि. | तद्. | घोल+इ+छ | |
| ७४ | चरण | ना. | तत्स. | | २ |
| ७५ | चलन | ना. | तत्स. | चल्+अन | २ |
| ७६ | चार | वि. | तद्. | | |
| ७७ | चाहिन्छ | क्रि. | तद्. | चाह+इ+छ | ४ |
| ७८ | चरा | | | | |
| ७९ | चराचुरुङ्गी | | | | |
| ८० | चित्र | ना. | तत्स. | | २ |
| ८१ | चिनो | ना. | तद्. | चिन+ओ | |
| ८२ | चिल्लो | वि. | तद्. | | २ |
| ८३ | छ | क्रि. | तद्. | | १० |
| ८४ | छन् | क्रि. | तद्. | | ८ |
| ८५ | छालो | ना. | तद्. | | ३ |
| ८६ | छैन | क्रि. | तद्. | | ३ |
| ८७ | जडीबुटी | ना. | तद्. | जडी+बुटी+ई | ४ |
| ८८ | जनावर | ना. | आ. | | ३ |
| ८९ | जन्म | ना. | तत्स. | | |
| ९० | जन्मथलो | ना. | तद्. | जन्म+थलो | |
| ९१ | जन्मिएका | क्रि. | तद्. | जन्मि+ए+क्आ | |
| ९२ | जरा | ना. | तत्स. | | |
| ९३ | जलस्रोत | ना. | तत्स. | जल+स्रोत | २ |
| ९४ | जस्ता | ना. | आ. | | ३ |
| ९५ | जस्तै | वि. | तद्. | जस्तो+ए | ४ |
| ९६ | जहाँ | क्रि.यो. | तद्. | जो+हाँ | |
| ९७ | जाति | ना. | तत्स. | जन्+ति | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९८ | जातीय | वि. | तत्स. | जात+ईय | |
| ९९ | जान्छ | क्रि. | तद्. | जा+छ | |
| १०० | जीवजन्तु | ना. | तत्स. | जीव+जन्तु | |
| १०१ | जीवन | ना. | तत्स. | जीव+अन | २ |
| १०२ | जीवनी | ना. | तत्स. | जीवन+ई | |
| १०३ | ज्ञान | ना. | तत्स. | ज्ञा+न | |
| १०४ | झरना | ना. | तद्. | | |
| १०५ | झिकाएर | क्रि.यो. | तद्. | झिकाउ+एर | |
| १०६ | झोल | ना. | तद्. | | |
| १०७ | टल्काइन्छ | क्रि. | तद्. | टल्काउ+इ+छ | |
| १०८ | टिकाउ | वि. | तद्. | टिक+आउ | |
| १०९ | ढुङ्गा | ना. | तद्. | | २ |
| ११० | त | नि. | तद्. | | ६ |
| १११ | तथा | संयो. | तद्. | | ३ |
| ११२ | तन्काएर | क्रि.यो. | तद्. | तन्काउ+एर | |
| ११३ | तयार | वि. | आ. | | |
| ११४ | तयारी | ना. | तद्. | तयार+ई | २ |
| ११५ | तल | क्रि.यो. | तत्स. | | |
| ११६ | तारा | ना. | तद्. | | |
| ११७ | तिन | वि. | तद्. | | |
| ११८ | तुलना | ना. | तत्स. | तुल+अन+आ | |
| ११९ | त्यति | वि. | तद्. | त्यो+ति | |
| १२० | त्यतिबेला | वि. | तद्. | त्यति+बेला | |
| १२१ | त्यस | सर्व. | तद्. | | ४ |
| १२२ | त्यसरी | क्रि.यो. | तद्. | त्यो+अरी | २ |
| १२३ | त्यसै | वि. | तद्. | त्यो+ऐ | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२४ | त्यसो | वि. | तद्. | त्यस+ओ | |
| १२५ | त्यस्ता | वि. | तद्. | त्यस+ता | |
| १२६ | त्यस्तै | वि. | तद् | त्यस्+तो+ए | २ |
| १२७ | त्यहाँ | क्रि.यो. | तद्. | त्यो+हाँ | |
| १२८ | त्यो | सर्व. | तद्. | त्यस+ओ | २ |
| १२९ | थलो | ना. | तद्. | | |
| १३० | थालियो | क्रि. | तद्. | थाल+इ+य्+ओ | २ |
| १३१ | थाले | क्रि. | तद्. | थाल+ए | |
| १३२ | थियो | क्रि. | तद्. | | |
| १३३ | थोरै | वि. | तद्. | थोर+ए | |
| १३४ | दलिन्छ | क्रि. | तद्. | दल+इ+छ | २ |
| १३५ | दुवै | वि. | तद्. | दुई+ऐ | |
| १३६ | देखिने | क्रि. | तद्. | देख्+इ+ने | २ |
| १३७ | देश | ना. | तत्स. | | २ |
| १३८ | धातु | ना. | तत्स. | | |
| १३९ | धेरै | वि. | तद्. | | ४ |
| १४० | ध्यान | ना. | तत्स. | | |
| १४१ | नगर्ने | क्रि. | तद्. | नगर+ने | २ |
| १४२ | नदी | ना. | तत्स. | नद्+ई | |
| १४३ | नदीनाला | ना. | तद् | नदी+नाला | |
| १४४ | नपरोस् | क्रि. | तद्. | नपर्+ओस | |
| १४५ | नरम | वि. | तद्. | | |
| १४६ | नाम | ना. | तत्स. | | २ |
| १४७ | निधो | ना. | तद्. | | |
| १४८ | नियम | ना. | तत्स. | नि+यम | |
| १४९ | निर्माण | ना. | तत्स. | निर्+मान | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| १५० | निलो | वि. | तद्. | नील+ओ | |
| १५१ | निस्किएको | क्रि. | तद्. | निस्कि+एक+ओ | |
| १५२ | नेपाल | ना. | तद्. | | ३ |
| १५३ | नेपाली | वि. | तद् | नेपाल+ई | ४ |
| १५४ | नै | नि. | तद्. | | ३ |
| १५५ | पग्लन | क्रि. | तद्. | | |
| १५६ | पदार्थ | ना. | तत्स. | पद+अर्थ | |
| १५७ | पनि | नि. | तद्. | | ५ |
| १५८ | परिचालन | ना. | तत्स. | परि+चालन | |
| १५९ | परिवर्तन | ना. | तत्स. | परि+वृत+अन | |
| १६० | पर्छ | क्रि. | तद्. | | ३ |
| १६१ | पहाड | ना. | तद्. | | |
| १६२ | पानी | ना. | तद्. | | ५ |
| १६३ | पारिस्थितिक | वि. | तत्स. | परिस्थिति+इक | २ |
| १६४ | पार्ने | क्रि. | तद्. | | |
| १६५ | पृथ्वी | ना. | तत्स. | | ५ |
| १६६ | प्रकृति | ना. | तत्स. | प्र+कृति | |
| १६७ | प्रणाली | ना. | तत्स. | प्र+नाली | २ |
| १६८ | प्रतिकूल | वि. | तत्स. | प्रति+कूल | ३ |
| १६९ | प्रतिफल | ना. | तत्स. | प्रति+फल | |
| १७० | प्रदुषण | ना. | तत्स. | प्र+दुषण | |
| १७१ | प्रदुषित | वि. | तत्स. | प्र+दुषित | |
| १७२ | प्रयत्न | ना. | तत्स. | प्र+यत्न | २ |
| १७३ | प्राकृतिक | वि. | तत्स. | प्रकृति+इक | ८ |
| १७४ | प्राङगारिक | वि. | तत्स. | प्राङ्गार+इक | ५ |
| १७५ | प्राण | ना. | तत्स. | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७६ | प्राणी | ना. | तत्स. | प्राण+ई | ३ |
| १७७ | फडानी | वि. | तत्स. | फाड+आनी | २ |
| १७८ | फलफूल | ना. | तद्. | फल+फूल | |
| १७९ | फस्छ | क्रि. | तद्. | | |
| १८० | फेर्ने | क्रि. | तद्. | | |
| १८१ | फैल्याउनु पर्छ | क्रि. | तद्. | | ३ |
| १८२ | बचाउनु | क्रि. | तद्. | | |
| १८३ | बढाउनुपर्छ | क्रि. | तद्. | | |
| १८४ | बढी | वि. | तद्. | | २ |
| १८५ | बनाउनु | क्रि. | तद्. | | |
| १८६ | बाढी | ना. | तद्. | | २ |
| १८७ | बिगार्न | क्रि. | तद्. | | |
| १८८ | बिरुवा | ना. | तद्. | | ५ |
| १८९ | बुद्धि | ना. | तत्स. | बुध+ति | |
| १९० | भए | क्रि. | तद्. | | ४ |
| १९१ | भण्डार | ना. | तत्स. | | २ |
| १९२ | भने | संयो. | तद्. | | |
| १९३ | भविष्य | ना. | तत्स. | | |
| १९४ | भाव | ना. | तत्स. | | |
| १९५ | भित्र | ना.यो. | तद्. | | ३ |
| १९६ | भुमरी | ना. | तद्. | भ्रमर+ई | |
| १९७ | भूमिका | ना. | तत्स. | | |
| १९८ | भोग्नुपर्छ | क्रि. | तद्. | | |
| १९९ | मन | ना. | तत्स. | | |
| २०० | मल | ना. | तत्स. | | |
| २०१ | मस्तिष्क | ना. | तत्स. | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०२ | मात्र | नि. | तत्स. | | |
| २०३ | मानव | ना. | तत्स. | | |
| २०४ | मानवीय | वि. | तत्स. | मानव+ईय | ४ |
| २०५ | मासिन्छ | क्रि. | तद्. | | |
| २०६ | मिसिन | ना. | आ. | | |
| २०७ | मिसिन्छ | क्रि. | तद्. | | |
| २०८ | मुहार | ना. | तद्. | मुह+आर | |
| २०९ | मौसम | ना. | आ. | | २ |
| २१० | यस | सर्व. | तद्. | | ८ |
| २११ | यसर्थ | संयो. | तद्. | | ३ |
| २१२ | यस्तै | संयो. | तद्. | | २ |
| २१३ | यातायात | ना. | तत्स. | यात+आयात | २ |
| २१४ | यी | सर्व. | तद्. | | |
| २१५ | यो | सर्व. | तद्. | | |
| २१६ | र | संयो. | तद्. | | |
| २१७ | रक्षा | ना. | तत्स. | | |
| २१८ | रचना | ना. | तत्स. | रचना+आ | |
| २१९ | रसायन | ना. | तत्स. | रस+आयन | ३ |
| २२० | रहनु | क्रि. | तद्. | | ५ |
| २२१ | राख्नु | क्रि. | तद्. | | ३ |
| २२२ | रासायनिक | वि. | तत्स. | रसायन+इक | ४ |
| २२३ | रुख | ना. | तत्स. | | |
| २२४ | रोक्नु | क्रि. | तत्स. | | |
| २२५ | रोग | ना. | तत्स. | | २ |
| २२६ | लगायत | ना.यो. | आ. | | |
| २२७ | लागि | ना.यो. | तद्. | | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| २२८ | लोप | ना. | तत्स. | | |
| २२९ | वन | ना. | तत्स. | | २ |
| २३० | वनस्पति | ना. | तत्स. | वन+पति | ८ |
| २३१ | वन्यजन्तु | ना. | तत्स. | वन्य+जन्तु | |
| २३२ | वरिपरि | क्रि.यो. | तद्. | वरि+परि | २ |
| २३३ | वर्षा | ना. | तत्स. | वर्ष+आ | ३ |
| २३४ | वस्तु | ना. | तत्स. | | |
| २३५ | वा | संयो. | तत्स. | | |
| २३६ | वातावरण | ना. | तत्स. | वात्+आवरण | ५ |
| २३७ | वातावरणीय | वि. | तत्स. | वातावरण+ईय | ६ |
| २३८ | वास | ना. | तत्स. | | |
| २३९ | वासस्थान | ना. | तत्स. | वास+स्थान | |
| २४० | विकास | ना. | तत्स. | वि+काश | ३ |
| २४१ | विकृत | वि. | तत्स. | वि+कृत | |
| २४२ | विकृति | ना. | तत्स. | वि+कृति | |
| २४३ | विचार | ना. | तत्स. | वि+चार | २ |
| २४४ | विनाश | ना. | तत्स. | वि+नाश | ५ |
| २४५ | विपत्ति | ना. | तत्स. | वि+पति | |
| २४६ | विभिन्न | वि. | तत्स. | वि+भिन्न | |
| २४७ | विवेक | ना. | तत्स. | | |
| २४८ | विशेषता | ना. | तत्स. | विशेष+ता | ५ |
| २४९ | विश्व | ना. | तत्स. | | २ |
| २५० | विषय | ना. | तत्स. | वि+सय | |
| २५१ | विषादी | वि. | तत्स. | विषाद+ई | ८ |
| २५२ | विषालु | वि. | तत्स. | विष+आलु | ६ |
| २५३ | विसङ्गति | ना. | तत्स. | वि+सङ्गति | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| २५४ | वृद्धि | ना. | तत्स. | बुध्+ति | |
| २५५ | वैज्ञानिक | वि. | तत्स. | विज्ञान+इक | |
| २५६ | व्यक्ति | ना. | तत्स. | | |
| २५७ | व्यवहार | ना. | तत्स. | वि+अव+हार | ३ |
| २५८ | शब्द | ना. | तत्स. | | |
| २५९ | शिक्षा | ना. | तत्स. | शिक्ष्+आ | |
| २६० | शुद्धिकरण | ना. | तत्स. | शुद्ध+ई+करण | २ |
| २६१ | सँग | ना.यो. | तद्. | | |
| २६२ | संरक्षण | ना. | तत्स. | सम्+रक्षक | ३ |
| २६३ | संस्कार | ना. | तत्स. | सम्+कार | |
